# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

**२०७८/०२/२५**

**आठौं अधिवेशन**

**(छैटौं बैठक)**

**बाचन पत्र (रीडिङ्ग पेपर)**

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको छैटौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

आर्थिक मामिला मन्त्री माननीय प्रकाश बहादुर शाहले मिति २०७८।०२।२४ गतेको सभाको बैठकमा "प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन"2074 , बमोजिम प्रस्तुत गरेको आ.व.२०७८।०७९ को पुर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको बाँकी छलफलको कारबाही प्रारम्भ हुन्छ ।

**सर्वप्रथम माननीय अमर बहादुर साउँद लाई समय दिन्छु ।**

माननीय सभामुख महोदय हामी सुदुरपश्चिम प्रदेश सरकार द्धारा जारी गरिएको बिनीयोजित बिधेयक २०७८ का सिद्धान्त र नीति मा सदनमा छलफल गरीरहेका छौ नेपालको संविधान २०७२ मा प्रदेश सरकारले असार १ गते बजेट प्रस्तुत गर्नु पर्ने व्यवस्था अनुसार र त्यसको १५ दिन अगाडि यो सदनमा पेश गर्नु पर्ने भएतापनी अहिलेको यो बिश्व व्यापि कोरोना महामारीको कारणले आक्रान्त भएको अवस्थामा यो हाउसमा प्रस्तुत हुन नसकेपनी केहि प्रकृयालाई छोट्याएर सुदुरपश्चिम प्रदेशका आन्तरीक तथा योजना मन्त्रालयका मन्त्री ज्युले यो विधेयक छलफलको लागि सभामा टेबुल गर्नु भएको छ र यसको लागि सर्वप्रथम म मन्त्री ज्युलाई धन्यवाद र स्वागत दिन चाहान्छु यस्तो बिषम परीस्थितिमा पनी बिभिन्न संघिय सरकार र अरु सरकारहरुले अध्यादेश मार्फत धेरै कुराहरु अगाडि बढायको सन्दर्भममा हाम्रो सुदुरपश्चिम प्रदेशले नीतिगत हिसाबमा केहि ढिलो भए पनी अन्य नीयमित पकृयाहरु नीतिसम्बत तरीकाले अगाडि बढायको च यसको लागि म प्रदश सरकार र माननीय मन्त्री ज्युलाई धन्यवाद दिन चाहान्छु र बिशेस गरी धेरै कुराहरु यो विधेयकमा समेटियका छन र गहन अध्ययन र छलफलबाट बिभन्न कोण बाट यो विधेयक तयार गरेर मन्त्री ज्युले सदनमा पेश गरेको छ बिभिन्न समयमा बिगतमा पनी केहि महत्वपुर्ण कुराहरु छुट्न गयका र केहि महत्वपुर्ण कुराहरु यो विधेयकले समेट्न खोजेको जस्तो मलाई लागेको छ र यो विधेयकमा ४७ वटा बुदाहरु उल्लेख भएका छन समग्रमा यो विधेयक राम्रो छ र तर पनी मेरो बिचारमा केहि महत्वपुर्ण सुझावहरु केहि महत्वपुर्ण मेरा विचारहरु म माननीय मन्त्री ज्युलाई र यो विधेयकमा समेट्नको लागि केहि सुझाबहरु दिन चाहन्छु ।

माननीय सभामुख महोदय, मलाई अहिलेको परीस्थितमा अत्यन्तै कोरोना महामारी बाट मित्र देस भारत र नेपाल कोरोना बाट अछुतो रहन सकेको छैन नेपालको कोरोना भारतबाटै यो बढि भैलिएको भन्ने कुरामा कुनै दुईमत छैन यसमा हामी सबै सहमत छौ र नेपालमा जति पनी सुदुरपश्चिमकका ७ वटा खुला सिमा नाका रहेका छन यि सिमा नाकालाई अहिलेको कोरोनाको बाहना बनायर हामीले यि नाकाहरुलाई व्यवस्थित गर्नको लागिर यो विधेयकमा हामीले समेट्न पर्छ भन्ने मेरो भनाई रहेको छ किनभने अन्य सामान्य परीस्थितिमा हामी भारत सँगका सिमा नाकाहरुलाई व्यस्थित गर्ने हामीलाई ईजाजत नहुन सक्छ त्यो अनुकुल समय नहुन सक्छ अहिले पनी नेपालमा पनी सिमा नाकाहरु बन्द गरिएको अवस्थामा यसैलाई हामीले अवसरको रुपमा लियर सबभन्दा हाम्रो यो कैलालीको उसबधन्दा ठुलो नाका यो त्रिनगर भन्सार र महेन्द्रनगरको गड्डाचौकि यता टिकापुरको खग्रौला र बैतडिको झुलाघाट त्यसै गरी दार्चुलाको खलाङ्गा यता भजनी र हसुलिया करीब ७ वटा सिमा नाका रहेका छन हामीले यो सिमा नाकामा कम्तिमा पनी अहिले स्थानीय तह वडा वडा मा सरकार रहेको छ स्थानीय तहहरु आफै स्वयत्त रहेका छन र सबै कुराहरु को व्यवस्थित सींहदरबारको अधिकार घर घरमा पुगेको भन्ने हामीले भन्ने गरेका छौ र त्यसैले सबै तहका सरकारहरु आफैमा सक्षम छन र कम्तिमा पनी यहि अवसरलाई सदुपयोग गरेर हामीले ईन्डिया आऊदा खेरी वा जाँदा खेरी सिमा पार गर्दा खेरी वा भित्रिदा खेरी कम्तिमा पनी स्थानीय तहको एउटा सामान्य सिफारीस को व्यवस्था प्रदेश सरकारले स्थानीय तहलाई त्यो नीर्देशन गर्न सकेको खण्डमा त्यो रुपमा पनी हाम्रो बार्षिक ईन्डिया कति जना बैदेशिक रोजगारीको लागि अथवा आफ्नो जिवन नीर्वाहका लागि कति जाँदा रहेछन र अन्य कारोबारको लागि हुदो रहेंछ यि कुराहरु व्यवस्थित गर्नकोलागि यो समय उपयुक्त हुन सक्छ किनभने यो समय अतिउत्तम यति वेला हामी यो कोरोनाको नामले यो नीति प्रदेश सरकारले अघाडि सार्न सकेको खण्डमा यो एउटा सदैका लागि दिर्घकालिन सिमानाकाहरु कहिले घेरवार लगाउने भन्छौ, कहिले वाल लगाउने भन्छौ सदनमा भन्छौ तर ति कुराहरु सम्भव छैन्न हामी मसिनो लेभलबाट तल्लो मा पनी एउटा कुनै न एउटा ईजाजत अथवा सिफारीस वाट शुरुवात गर्यौ भने भविष्यमा जस्तो खालको आवश्यकता पर्छ जति बेला हामीलाई जुन खालको समस्याको आवश्यकता पर्छ त्यो खालको नीर्यण लिनका लागि त्यो एउटा मार्ग नीर्देशन हुन सक्छ भन्ने म प्रदेश सरकारलाई सुझाव दिन चाहन्छु त्यसैले यो सिद्धान्त रत प्राथमिकता हाम्रो आर्थिक बर्ष २०७८/०७९ को बजेटमा यो कुरालाई प्रदेश सरकारले समेट्न का लागि मैले सुझाव दिन चाहान्छू ।

माननीय सभामुख ज्यु अर्को मलाई लागेको अहिले माध्यमिक तह भन्दा तलको शीक्षा स्थानीय तहको कुरा संवेधानीक व्यवस्था उनीहरुको जिम्मा मा छ र यो उच्च शिक्षाको अधिकार प्रदेश सरकारलाई रहेको छ र अहिले धेरै हामीलाई फोन आईरहेको छ र सुदुरपश्चिममा कम्तिमा ५२ वटा सामुदायिक क्याम्पसहरु रहेका छन ती क्याम्पसहरुको अवस्था एकदम दयनीय यो कोरोनाको कारणले झन उनीहरुको स्थिति खस्किदो अवस्थामा रहेको छ उनीहरुले एउटा अभिभावक पाउन सकेको अवस्था छैन संघिय सरकारले प्रदेश सरकार देखाईदिन्छ प्रदेश सरकारले यदि हामीले ति सामुदायिक क्याम्पस हेर्न

सकेनौ अथवा हामीले तिनलाई प्राथमिकतामा राख्न सकेनौ भने भोलि ति अवस्था झन खस्किदो र उच्च शिक्षा पढ्न पाउने हाम्रा सुदुरपश्चिमेलि युवाहरुको चाहनामा केहि पिठराघात हुन सक्छ त्यसैले म प्रदेश सरकारलाई यो बिषयलाई गम्भिरताका साथ समेटियो र ५२ वटा सुदुरपश्चिमका सामुदायिक क्याम्पसहरुलाई ब्यवस्थित गर्नकालागि पनी अभिभाबकत्व सरकारले ग्रहण गरोस भन्ने कुराहरु पनी सुझाव दिन चाहन्छुर अन्य धेरै कुराहरु यो विधेयकमा समेटेको छ र यलाई कार्यान्वयन र यहि अनुसारको बजेट प्रदेश सरकारले ल्यायोस भन्दै बिदा हुन्छु ह्स्त नमस्कार, धन्यवाद ।

**माननीय कुन्ती जोशी**

माननीय सभामुख महोदय सर्बप्रथम यो आठौ अधिवेशनको पुर्ण सफलताको हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्न चाहान्छु ।माननीय सभामुखमहोदय आज मात्र सुदुरपश्चिम प्रदेश सभाको बिश्वासको मत प्राप्त भएको छ माननीय मुख्य मन्त्रीलाई यसको नीमित मुख्य मन्त्रीलाई हार्दिक बधाई तथा उहाको सरकारलाई दिन चाहान्छु बिशेस गरेर समितको त्रफबाट मैले हार्दिक ब धाई र मैले सबै माननीयहरुलाई पनी बधाई ब्यक्त गर्न चाहान्छूँ ।

माननीय सभामुख महोदय, विशेष गरी हाम्रो सुदुरपश्चिम प्रदेश मात्र नभएर पुरा बिश्वभरी आयको कोरोना भाईरसको कारणले आक्रान्त भएर सुदुरपश्चिम प्रदेशकै पहिलो प्रदेश प्रमुख माननीय मोहनराज मल्लको नीधन भएको छ उहाप्रति हार्दिक श्रद्धासुमन ब्यक्त गर्न चाहान्छु र साथ साथै सुदुरपश्चिम प्रदेश र देश भरी कोरोनाको कारणले मृत्यु बरण गरेका सम्पुर्ण मृत्यु बरण गर्नेलाई हार्दिक श्रद्धासुमन ब्यक्त गर्न चाहान्छु र कोरोनाबाट एकदम पिडित भएर जो एउटा खालको परीस्थितमा अगाडि बढिराख्नि भको छ उहाहरुलाई पनी शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु । माननीय सभामुख महोदय, सुदुरपश्चिम प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्री ज्युले जो हाम्रो सिद्धान्त एवम प्राथमिकता लाई यहा पेश गर्नु भएको छ प्रस्तुत गर्नु भएको छ यसका लागि माननीय आर्थिक तथा मामिला मन्त्रीलाई हार्दिक धन्यवाद ब्यक्त गर्न चाहान्छु र यो सिद्धान्त र प्राथमिकताहरु सटिक रुपमा नछुटचाएर धेरै बिषय बस्तुहरु समेटेर सानो भए पनी धेरै कुराहरु यसमा समावेश गर्नु भएकोमा अझै धन्यवाद गर्न चाहन्छू र यसको पुर्ण समर्थन गरेको जानकारी पनी मैले गराउन चाहन्छु । साथै बिशेस गरी अब हामीले हेर्दा पनी केहि कुराहरु छुटेको जस्तो महशुस गरेका छौ र मैले सुझावका रुपमा माननीय मन्त्री ज्यु लगायत मैले हाम्रो सरकारलाई सुझाव दिन चाहान्छु केहि बुदाहरु थप्नु पर्ने पनी हाम्रो नजरबाट पनी हुन सक्छ यसको नीमित हामीले पहिले देखि उठायको कुरा पनी के हो भने हामीले समितिवाट निर्णय पनि गरेका छौ सुदुरपश्चिम प्रदेशमा एउटा सरुवा रोगको अनीवार्य व्यवस्थापनका लागि अगाडि बढाउन पर्छ सरुवा रोगको महामारी आयको बेला मात्र हामी अलिकति जुर्मुराउने परीस्थित हुन्छ यस्तो खालको परीस्थितमा सरुवा रोगको व्यवस्थापकिय हिसाबले ठुलै व्यवस्था गर्नु पर्छ र यसलाई पनी प्राथमिकताका राख्दा राम्रै हुन्छ भन्ने मलाई लागेको छ र मनोरोगी तथा पुर्ण अशक्तको पनी व्यबस्थापकिय पाटोलाई पनी राम्रै हिसाबले राख्दा राम्रो हुन्छ यो पनी मैले सुझावको रुपमा राख्न चाहे ।हामीले धेरै खालका बिनीयोजित बजेटमा त अगाडि बढायौ तर  बिशेस गरी कृषि क्षेत्रमा प्राथमिकता दिदा राम्रै ढङ्गले अगाडि बढेको छ

सुरक्षा मल को पनी सम्प्रदाको संरक्षण गर्ने भन्ने रहेको छ यसमा मैले खासमा उत्पादनका नीमीत्त एक गाउ एक उत्पादनलाई प्राथमिकताका साथ अगाडि बढायौ भनेर यो नीति तथा कार्यक्रममा पनी आउने छ हामीले त्यहा पनी सुझाव दिने छौ एक गाउँ एक उत्पादनलाई हामीले अगाडि बढाउन सक्यौ भने यसले चाहि केहि हाम्रो उतपादनको क्षेत्रमा व्यवस्थापकिय पाटोलाई मैले सुधार्न सकिन्छ कि भन्ने सुझावको रुपमा दिन चाहान्छु ।

हामीले सीमा नाकाहरुमा पनी हामीले खास गरी सिमानाकामा ब्यबस्था गर्न सकेका छैनौ सिमा नाकाहरुलाई हामीले होल्डिङ सेन्टरको ठाउमा पनी व्यवस्था ग्रन जरुरी रहेको छ जसो बाहिर बाट आउने प्रवासी नेपाली दाजुभाई जो हुनुहुन्छ अर्थात प्रवासि हाम्रो नेपालमा भ्रमणमा आउने आगन्तुक का लागि पनी हामीले सामन्यतया ट्वाईलेट खानेपानी बस्नकोलागि पनी हामीले सामान्य ब्यवस्थापकियलाई पनी प्राथमिकताका साथ राख्नु पर्ने हुन्छ किनबने आउने मान्चेले पनी के देख्छ भने यो त केहि छैन व्यवस्थापक नै छैन भन्ने खालको हुन्छ यो पनी तर यसलाई व्यवस्थापन ग्रन जरुरी छ जस्तो लाग्छ मलाई र अनी माननीय हरुले अगि पनी उठाउनु भयो के हामी सिमानाकाहरुमा हामीले हेर्दै जादाखेरी हाम्रो खालि भुभाग पनी छ त्यो खालि भुभागलाई पनी व्यवस्था ग्रने त हामी भनीराखेका छौं तर जसरी स्वास्थ्य क्षेत्रलाई प्राथमिकताका साथ अगाडि बढायौ प्राथमिकताका साथ अगाडि बढायर यसलाई व्यवस्था गर्ने त हामीले सोचिराखेका छौ तर यो स्वास्थ्य क्षेत्रमा हामीले जति पनी प्राथमिकता दिदा दिदै पनी हाम्रो यो बाहिर बाट आउदा खेरी अर्थात हाम्रो नाका भन्दा बाहिर बाट आउदा खेरी यसले हामीलाई झन ठुलो आक्रान्तमा फसाई रहेको अवस्था रहेको छ यसलाई पनी हामीले कसरी व्यवस्थापकिय गर्ने यसले पनी समस्या गरेको छ यसलाई पनी व्यवस्था गर्नुपर्छ भन्ने खालको राख्दा खेरी राम्रै हुन्छ भन्ने खालको मैले सुझाव दिन चाहान्छु मैले अर्को कुरा के भन्न चाहान्छु भने जसो बाजुरा लगायत थुप्रे ठाउमा ठुलो पहिरोवाट आक्रान्तमा हाम्रो सुदुरपश्चिमका जनता रहेका छन यसको नीमीत्त हाम्रो डडेल्धुरा जिल्लामा आलितालमा एउटा ठुलो बस्तिनै ऊठाएर अर्को ठाउमा व्यवस्थापन गर्न पर्ने भएको छ यस्तो चाहि बाढि पिडित पहिरो पिडित बस्तिलाई कसरी व्यवस्थापन गर्ने यसलाई पनी प्राथमिकतामा राखेर अगाडि बढ्दा राम्रै हुन्छँ बन्ने म सभामुख मार्फत सरकारलाई अनुरोध गर्न चाहान्छु र यसरी नदि नीयन्त्रणका लागि पनी दिर्घकालिन नदि नीयन्त्रणमा हामीले सामान्य यहावाट तार जालि दिने यशो गर्ने भनेर सामान्य १५-२० लाख रुपिया छुटयाउने काम त नभएको छैन तर ठुलै नदि नीयन्त्रणको लागि संघिय सरकारसँग कोर्डिनेशन गरेर हुन्छ या हाम्रो प्रदेशमा पहिलो प्राथमिकतामा कुन नदिलाई राखेर नीयन्त्रण गर्न सकिन्छ भन्ने कुरामा राखेर हुन्छ नदि नीयन्त्रणंलाई पनी हाम्रो ठुलो जोखिम लाई न्युनीकरण गर्ने एउटा ठुलोमाध्ययम बनायर अगाडि बढ्नुपर्छ भन्ने मैले यो सुझाव दिन चाहान्छु । जसो सञ्चारको क्षेत्रमा पनी टावरको किमि त छैन हामीले अहिले पनी हेर्यौं हामीले अहिले पनी मैले भित्र आउदा पनी फोन आयको थियो साथिहरुको त्यसको क्षमताको कमी रहेको छ यसको क्षमता अभाव भएको हुदा यसतो अवस्थामा पनी हामीले सञ्चारको अगाडि सकेनौ भने हाम्रो जनताले हामीलाई हुने सामान्य सुविधा पनी ककिन प्राप्त गर्न सकेनौ भन्ने कुरा रहन्छ त्यसको कारणले भएका

ठाउमा क्षमता बृदि गर्ने र नभएका ठाउमा नीर्माण ग्रने कुरा पईनी राखियको छ र त्यसलाई टावर हरुको क्षमता अभिबृदि गर्न पर्ने भएको छ भन्ने त्यसलाई पनी मैले प्राथमिकताका साथ राख्न मैले हार्दिक अनुरोध गर्न चाहान्छु र खासमा हिमाली पहाडी जिल्लाहरुमा अहिले सुख्का खडेरीको कारणले अब भोकमरीको समस्या होला जस्तो देखिन्छ हिमाली मात्र होईन पहाडीका कतिपय बिशिष्ट खालका पालिकालाई समावेश गरेर यसमा कुन दिर्घकालिन समाधान गर्न सकिन्छ यस्तो खाले खडेरी नीरन्तर भैरहने ठाउहरुको लागि कसरी ब्यवस्थापन गर्न सकिन्छ यसको नीमित्त पनी सरकारले दिर्घकालिन व्यवस्थापन त्यहाको जनताले काम गरुन त्यहिको जनतालेशिल भएर त्यहिकोले रोजगारी पाउन भन्ने किसिमको राख्न पर्छ भन्ने म यहाहरुलाई बिशेस गरी सभामुख मार्फत सरकारलाई नीवेदन गरे । र खास गरी यिनै कुराहरु हुन र हामिले यो सुदुरपश्चिम प्रदेश लाई प्राथमिकतामा राख्ने केहि बिषय बस्तु अझै पनी छुटेका छन भने ति बिषय बस्तुलाई सरकारले टिपेर यसमा प्राथमिकताका साथ राख्ने छ भन्ने हामीले बिश्वास लिएका छौ र हामी अगाडि बढ्ने क्रमहरुमा यहासम्म पुगेका छौ र यो सबै कन्कुलजनमा पुग्ने बेलामा हामीले भोलिको दिनमा यसमा कसरी हाम्रा गरेका कामहरुलाई स्थापित गर्ने त्यो कुरामा पनी सरकारले सोचोस हामीले गरेका थिप्रै कामहरु न्युनीकरण भएका छन हामी चाहि कामहरु बाट गरेनम क्या हो सुदुरपश्चिम प्रदेश सरकारले भन्ने खालको आभाश पनी कता कता हावाहरु फैलियको छ ति गरेका कामहरुलाई हामीले अगाडि बढाउने रहनु पर्छ अथवा त्यो खालको सञ्चार माध्यमबाट र आफ्नो सबै तर्फबाट अगाडि बढाउनपर्छ भन्दै म मेरा प्राथिमिकताका रुपमा लियको यो बिनीयोजित विधेयक रहेको छ यसलाई मैले पुर्ण समर्थन गरेको जानकारी गराउदै बिदा हुन्छु धन्यवाद ।

**माननीय कुमारी नन्दा बम**

माननीय सभामुख महोदय हाम्रो यश सदनमा बिनीयोजन बिधेयक २०७८ माथी छलफल भैरहेको छ । सर्बप्रथम त म पहिलो प्रदेश प्रदेश प्रमुख मोहन राज मल्ल लगायत यस सुदुरपश्चिममा गत बर्ष देखि आजको डेटसम्म कोरोनाको कारणले र अहिले दोस्रो कोरोनाको कारणवाट पनी ५४२ जनाको मृत्यु भैसकेको छ उहाहरुको प्रति श्रदासुमन ब्यक्त गर्न चाहान्छु र अहिले हामी जुन यसतो बिषम परीस्थितिमा यो विधेयक लि रहेका छौ छलफल गरीरहेका छौ आज यो त्यति सजिलो छैन आज हामी पनी बाहिर नीस्किन एकदमै कठिन रहेको छ र यो बिधेयक आउन नै पर्थ्यो आयो र यो यसमा मेरो पहिलो कुरा त यसमा जुन प्राथमिकता भनेको छ यो प्राथमिकतामा हामीले के लाई प्राथमिकता दिने भन्ने कुरामा स्वास्थ्यलाई भनेको छ र यसमा के भनेर मात्रै भनेर पुग्दैन स्बास्थ्यको शब्दलाई भनेर मात्र हुदैन स्वास्थ्यको हिसाबमा जुन हाम्रो सुदुरपश्चिमका जनता हुन तिनलाई मा खोपको ब्यवस्था गर्न पर्छ त्यसको लागि प्रदेश सरकारले सुदुरपश्चिमको जनताकोलागि खोपको बजेट भनेर अल गै ल्याउनुपर्छ । यहा अहिले बिभिन्न मुलुकमा खोप प्रयोग गरीसकेपछि धेरै नीयन्त्रण भएको हामीले अहिले राष्ट्रिय अन्तराष्ट्रिय न्युजजमा हामीले पढ्न पाईरहेका छौ र अहिले हाम्रो ब ढि भन्दा ब ढि हाम्रो छिमेकि मुलुक भारतमा र नेपालमा भएको छ यसमा यसलाई खोप लगाउन नसकेको कारणले पनी यो बढेको त्यसो भएको कारण ले म अरु बिकासको बजेट अर्थात बिकासको ठुलो कुरा गर्न भन्दा पनी अहिले हाम्रो

जनतामा हामीले ध्यान दिनु पर्छ र त्यस पछि बिकासका कुरा आउछन बिकासका कुरा हामीले गरेकै हो । अहिले सम्म हामी बिकास गरीरहेका छौ हामीलाई स्मरण रहेको छ अस्ति भर्खरै लकडाउन भयो र चैतको पहिलो हप्ता देखि नै कोरोनाको कारणले धेरैको ज्यान गयको थियो र १६ गते पछाडि एक हप्ता पछाडि २५ गते भयाभह अवस्था आयको हामी अहिले ताजा स्मरण गर्न सक्छौ जब कि मान्छे एउटा अक्सिजन नपायर तड्पियर ज्यान गुमाएको हामीकहा अहिले पनी केहि नीयन्त्रण त भाको छ त्यस कारणले हमीले त्यो परीस्थितिलाई मध्यनजर गरेर अक्सिजन पल्न्ट ९ वटै जिल्लामा बजेट नराखेर मन्त्रालयमा बजेट जोगायर राख्नुको कुनै अर्थ  देखेन किनभने हामी कहा अस्तिको मात्र जुन परीस्थति हो दोस्रो भेरीयन्टले हामीलाई एउटा पाठ सिकाएको थियो हाम्रो प्रदेशमा बजेको अभाव त थियन हामी सँग बजेट हुदा पनी हामी सँग क्षमता हुन सकेन त्यसको कारणले यदि ९ वटै जिल्लाको जिल्ला अस्पतालमा हामीले बजेट पठाउन सक्यौ भने र कुनै न कुनै न जिल्लाको कर्मचारीले त्यो क्षमता देखाउन सक्छन त्यसकारणले कुनै पनी मन्त्रालयमा मेरी पहिलो अनुरोध के रहेको छ भने जुन हाम्रा यो मन्त्रालयले बजेट जोगायर मन्त्रालयमा राख्ने गरेको छ र यस को मतलव अहिले हामीलाई परीणाम देखायको छ कि नीयमित खर्च हुने बजेट अहिले पुजिगतमा मा ३३% र चालुमा ४०% मात्र खर्च भएको छ ।

आज हामी जेठको २५ गतेमा रहेका छौ आजको दिनसम्म बजेट खर्चको डाटा हामीलाई यसरी देखाईराकेको छ भने पछिल्लो समयमा बजेट जुगडा राख्यो भने बजेट र खर्च एकदमै अगाडि बढिरहेका छन हामीलाई थाहा छ जति वेला यहा मान्छे अक्सिजन नपाएर ज्यान गुमाईरहेका थिय । त्यतिबेला प्रदेशका बिभिन्न मन्त्रालयले ररकमान्तर गरेर बजेटपठायको छ हामिलाई त्यतिबेलाको अवस्थामा रकमान्तर गर्न खाचो रहेको थियो कि यहा जनतालाई वचाउन थियो जनतलाई वास्ता नगरेर हामी मसिना बजेटहरु रकमान्तर गर्नतिर लाग्यौ र आज हामी अब भन्दै रहेका छौ हामीकहा कर्मचारीको अभाव रहेको छ अर्को तिरबाट हाम्रा ति मसिना ५-१० लाखसम्मका बजेटहरु बिभिन्न मन्त्रालयमा राखेका बजेटहरु र बिशेस गरी बन मन्त्रालयमा त भिउ टावर आज हामीलाई चैतको २६ गते तिर अर्थात बैशाखमा हामीलाई त त्यो त बैशाख १ गतेको कुरा  हो हामीलाई यो भिउ टावर चाहेको थियो कि जनतालाई अक्सिजन चाहेको थियो ? त्यो भिउ टावरले सेति प्रादेशिक अस्पताल र महाकाली अस्पतालमा भिउ टावरबाट हामीले हेर्नको लागि बनाको हो हाम्रा हस्पिटलमा गएर डाटा हेर्ने हो भणे देखि हामी सँग दिन दिनै डाटा उपलब्ध भैरहेको  छ त्यसकारणले मैले भन्न खोजेको के हो भने देखि आगामि बर्षको बजेटमा पनी यस्ता जगेडा खालका बजेट नराखियोस भण्ने बजेट स्पष्ट ढङ्गबाट सदनमा प्रत्येक गाउपालिका वडा न. मा यति यसरी बजेटको आफ्नो नक्सा अनुसार ल्याउनुपर्छ यसै गरी जुन अहिले पछिल्लो पिरीयडमा अक्सिजनको लागि पठाईयो त्यति अहिले सफलता हासिल लाउन सकेको छैन जबकि हामी सँग समय नै कम रहेको थियो । समयमा नै हामिले गर्न सकेको भएसायद ५४२ जनाले ज्यान गुमाउन पर्दैन्थ्यो र यसको अर्को कारण हाम्रो नाकाको कुरा पनी धेरै उठिसकेका छन र नाकाको व्यवस्थापनको कुरा पनी अहिले हाम्रो खुला सिमाना खुला नाकाको कारणबाट त्यो चाहि

दार्चुलाको खलाङ्गा होस या बैतडिको झुलाघाट होस कञ्चनपुरको गड्डचौकि र यहाको कैलालीको नाका देखि लियर टिकापुरका खुला नाकाको कारण बाट हाम्रो ईन्डिया सँगको आवात जावत रह्यो र हाम्रो पहाडि जिल्लाको गाउ बस्तिमा कोरोनाको कहर पुग्यो र हामीलाई अनकन्ट्रोल भयो हामीले कन्ट्रोल गर्न सकिरहेका छैनौ ।यले गर्दा आगामी बर्ष पनी अब तेस्रो भेरीयन्ट जुन खतराक भनेको छ त्यसको लागि पनी अब अहिले नै प्रदेश सरकारले सोच्नुपर्ने कुरा आयको छ र अर्को कुरा आज हामी चौथो बजेटको छलफलमा रहेका छौ र यसको छल;फल गर्दा हामीले भनेका थियौ त्यसको हामीलाई सम्झना रहेको छ यसै रोष्टमबाट अब बिकासको मुल फुटाउछौ अब हामी चौथो बजेटमा कहा कहा बिकासका मुल फुटेका छन यो हामीले मात्र होईन यहाका पब्लिकले हेर्नेछन र राजश्व बृदिको कुरामा कहि पनी केहि पनी दैखिएन हामीले ठुला ठुला चर्का भाषण मात्र गर्यौं हामी उद्योग कलकारखाना खोल्ने छौ हामीसँग जल प्रशस्त मात्रामा रहेको छ जिरो छ हुनत त उद्योग मन्त्रालयबाट नबिन उद्योगका कुरा नआयका होईनन हामीले मिठा मिठा कुरा सुनेमा छौ आज कुनै पनी ९ वटा जिल्लामा नविन उदउयोगको नाममा कहि खोज्न गयो भने पनी टर्च बालेर पनी भेट्न सक्दैनौ ।सायद त्यलाई भेट्ने ठाउ रहेको छ भने यहाहरुले देखाउदा हुन्छ उद्योगमा लगानी गर्नुपर्छ गत बर्षको जस्तो यस्ता नवीन उद्योगहरु नाममा मात्र नआवस काममा परीणाममा आउनुपर्छ हाम्रो यो प्रदेश भनेको छिमेकी मुलुक भारतसँग प्रदेश हो हामीलाई र मेट्रियल ल्याउनकोलागि त्यति धौ हुदैन जति अरु प्रदेशमा रहेको छ हामी नजिक सँग कोर्डिनेशन गर्न सक्छौ त्यसकारणले ईच्छा शक्ति देखाउन पर्छ ईच्छा शक्ति भयो भने नहुने भन्ने केहि पनी छैन । र अर्को शिक्षा र स्वास्थ्यको कुरामा म के भन्न चाहान्छु भने प्रदेश सरकारले स्वास्थ्य शिक्षा फ्रि गर्नु पर्छ स्वास्थ्य र शिक्षा पाउने भनेको हरेक नागरीकको नैतिक अधिकार हो त्यसकारणले हामीले हाम्रो यो सुदुरपश्चिमलाई स्वास्थ्य र शिक्षालाई फ्रि गर्नु पर्छ अरु यहा अनाथ असाहय फरक क्षमता भएका ब्यक्तिहरुका को छ तर के भनीयको छ भने यहाका सँघसंस्थासँग हामी कोर्डिनेशन गर्ने छौ सँगसंस्थाको भरमा सरकारले चल्नु भन्दा सरकार स्वयमले यस्ता अनाथ फरक क्षमता भएका र असहाय ब्यक्तिहरुको लागि आश्रमको व्यवस्था गर्नु प्रछ यो प्रदेश सरकारको छुट्टै आफ्नो सरकारको आश्रम हुनुपर्छ बिभिन्न मुलुकमा हामीले सुन्ने गरेका छौ बृदा आश्रमहरु जब ६० बर्ष क्रस हुन्छ घरको व्यवस्थित बृदा आश्रममा बस्ने गरेका हुन्छन त्यसतै गरेर फरक क्षमता भएका ब्यक्तिहरु हुन अनाथ हुन सडक बाल बालिका हुन यस्तो कोलागि एउटा सरकारले आफ्नो आश्रम खोलेर व्यवस्थित ढङ्गले राख्नु पर्छ आज जिन कोरोनाको कारणबौट उहाहरुले कति दुख पाईरहेको छ उहाहरुलाई खान लाउन हातमुख जोर्न गाह्रो परेको छ यो अवस्थामा हामीले सक्रिय नहुने हो भने गर्ने कल्ले हो हामीले नगरे गर्ने कसले हो कहिले गर्ने हो र यसको लागि बिभिन्न ठाउमा बिभीन्न जिल्लामा होमस्टे हरुको व्यवस्था हुनुपर्छ कृषि तिर वास्तवमा हामी कृषि कृषि भनेर धेरै कराई रहेका छौ गत बर्ष पनी कृषिलाई प्राथमिकता गरेर ल्यायको थियो र अहिले पनी कृषिको नाममा बिडम्बना भन्छु म यसमा टाठा बाठाले मात्र बजेट पाउने गरेका छन यो बजेट कृषिको बजेट मन्त्रालयमा राख्ने मन्त्रालयमा राखिसकेपछि त्यका वरीपरीका गणेश प्रबृतिका किसानले पाएको छ वास्तविक किसानले पाउन सकेको छैन वास्तबिक

किसानले पाउछ्र भने त्यो बजेट एलोकेट ग्रनु पर्छ यदि त्यो बजेट किसानले नक्कलि किसानले पाउछ्रन भने देखि कुनै अर्थ छैन यो कृषिको नाममा लुटपाट भैरहेको छ । हुन त सबै तिर छ तर पनी कृषिको जति लुटपाट भएको कहि पनी हामीले देखिरहेका छैनौ हामी कहा यस्ता उदाहरण पनी आईरहेका छन कि जहा नेपालका सरकारका ठुलाठुला ब्यक्तिहरुले अधिकृत भएका नेपाल सरकारका उहाहरुका फ्यामली हरुले कृषिका फम हरु खोलेर बजेट पायको अवस्था रहेको छँ तर वास्तविक किसानका हरलाई यसको नजिकमा पनी पुग्न सक्दैन्न यसतो भएको कारणले आगामी बजेटमा यस्तो नहोस अर्को कुरा पहिरो कोकुरा आय जालिका कुरा आय यसको कुरामा म के भन्न चाहान्छु भने काम जाली र नाम पनी जाली भएको छ सबैभन्दा बढि यो जालीमा अनीमियतता भएको देखिन्छ यस कारण गत बर्ष पहिरोबाट आक्रान्त भएको दार्चुला बाजुरा होस चाहे जुनसुकै ठाउमा होस हामी कहा यो साथै हाम्रो स्मरणमा रहेको छ यसलाई अहिले प्राथमिकतामा अति मात्रै पहिरो नीयन्त्रणका बजेहरु किन नीयन्त्रण हुन सकेन किन अर्को ठाउमा गयो किन नाटकिय ढङ्गबाट हामी प्रस्ङग उठाउछौ कि दार्चुलामा यति ठाउमा पहिरो गयो डडेल्धुरामा यति ठाउमा पहिरो गयो । बझाङमा पहिरो गय यो हामी सबैको नाटक हो यदि हो भन्छौ भनेदेखि त्यलाई प्राथमिकता दियर गत बर्षका यस्तो पहिरो नीरयन्त्रणका लागि तयो ठाउमा जानुपर्ने थियो र यस कारणले म के भण्न चाहान्छु भने आगामी बर्षको जुन बजेट हो पहिलो कुरा त म फेरी पनी भन्न चाहान्छु भ्याक्सिनको लागि हामीले फेरी पनी खर्च गर्नु पर्छ र त्यसईछि अन्य कुरामा हमीले जोड दिनुपर्छ धन्यवाद ।

**माननीय लिलाधर भट्ट**

माननीय सभामुख महोदय बिनीयोजन बिधेयक २०७८ का प्राथमिकता तथा सिद्धान्तको हामी छलफलमा रहेका छौ । छलफल २०७८ जेठ पहिलो हप्ता हुन पर्ने अहिले सम्म यो सकिएन नीति कार्यक्रममा जुन पुगेर बजेटको अन्तिम चरणमा यो सरकार हुन पर्नेमा अब यो अरुलाई प्रश्न उठाउनमा धेरै माहिर हरु हामी हाम्रो प्रदेश कहा जादै छ भन्ने कुरा यसै बाट प्रस्ट हुने गर्छ हामीले भन्ने गर्छौ अध्यादेश बाट आयो सँघिय सरकारले यस्तो गर्यो फलाने यस्तो गर्यो भन्दै छौ र हामी आफै सदनलाई चलाउन सक्छौ कि सक्दैनौ भन्ने कुनै यले गर्छ र यो आजको यो बहस म भन्न सक्छु कि यो प्रकृयामा मिलाउन बाहेक अन्य केहि पनी होईन कसरी पुष्ट्याईका साथ भन्न सक्छु यहा माननीय मन्त्रीहरु बस्नु भएको छ अर्थ मन्त्रालयले समय सिमा दियको समय सिमा सक्नुस भनेको आज २३ दिन भयो आज कतिले सक्नु भो कतिले सक्नु भएन उहाहरुलाई थाहा होला जानकारी हामी कहा आउने छ जब बजेट नमै तपाईको बनीसक्यो यो बन्न भन्दा पहिला नै नीति तथा कार्यक्रम बन्छ अनी त्यो भन्दा पहिला सिद्धान्तको छलफल हुन्छ भने बजेट बनाएर तपाईहरु ले लक गरीसक्नु भाछ र सदनलाई भन्नु हुन्छ त्यसका सिद्धान्त के होलान ति सिद्धान्तहरु हामी समेट्ने छौ भनेर बन्दै हुनुहुन्छ र ठिकै छ तपाईहरु यो प्रकृया मिलाउने कुरामा तपाईहरु हुनुहुन्छ त्यसकोलागि धन्यवाद दिन चाहान्छु र यथार्थ हो कि होईन तपाईहरु आफै जान्नु होला र तपाहरुका बजेटलाई बन्द गरेको कुराहुरुले र केहि केहि कुराहरुले थाहा भैसकेको छ र ति भन्नमा र व्यवहारमा कति फरक छ भन्ने कुर त्यहिबाट प्रष्ट हुन्छ र पहिलोमा १ अरब दोस्रोमा

२३ र तेस्रोमा ३५ चौथोमा ३१ को बजेट पछि आज मैले सदनमा झण्डै झन्डै धेरै लामो समय पछि मलाई बोल्न समय पाईयो र त्यसको लागि पनी म धन्यवाद दिन चाहान्छु ।

किनकि मैले आफैले अझ पनी मैले बुज्न सकेको छैन हुनत मैले नबुझेको हुन सक्छ धेरै बुझ्ने साथि पनी यो सदनमा हुनहुन्छ लामो राजनीतिक ईतिहास भएको पनी हुनुहुन्छ हामी त नया नया राजनीतिमा आयको हो कि जस्तो पनी लाग्छ किनकि सदनमा बोल्न पनी गुठ चाहिन्छ रे सदनमा आफ्ना धारणा राख्न पनी गुठ चाहिन्छ । नेताको आशिर्वाद चाहिन्छ कसैले बोल्दिन पर्यो भने पनी तपाईको सदनको धारणा बुझ्ने यो सदनलाई कानुनू हैसियत छ कि छैन मेले यो पनी प्रश्न राख्न चाहान्छु किनकि मैले यो सदनमा धेरै पटक बोल्ने प्रयास गरे तर यहा बोल्ने अवसर दिएन किन दिएन किन भने कुनै अमुख गुठले मलाई प्रश्न गर्यो या गरेन होला तर धारणा राख्नुको लागि सदनलाई सोधिनुपर्छ तर एउटा माननीयहरुलाई सोध्नुपर्छ दलिय मात्र अधिकारर लाग्दैन बोल्न पाउने र नपाउनेमा दलिय हित लाग्दैन होला दलका नेताले लेखेर दिने कानुन होला तर पर्मपरा नै कानुन होईन बिशिष्ट परीस्थितमा स्वतन्त्र सांसदहरु हुन सक्छन बिशिष्ट धारणा राख्ने ब्यक्तित्वहरु हुन सक्छन र त्यो बारेमा ब्यवस्था गर्न हुन र आगमी दिनमा सभामा धारणा राख्न ईच्छुक ब्यक्तिलाई सभामुख महोदयले पनी बिशेष पहल गर्नु हुने छ भन्ने म आग्रह गर्न चाहन्छु र यो सिद्धान्तको विषयमा कुरा गर्दा यो ८ वटा बुदामा को सम्बोधन र अहिले भैरहेका कुराहरुको राखियको छ र लाष्टमा त्यो बुदामा धन्यवाद दियको छ र ३९ वटा बुदा हेरे पढ्ने कोशिस गरे राम्रै पढ्न नसके पनी अलि अलि छामछुम गरेर यो ठिकै हो कि बन्ने पनी पढे अनी हिजो यो भन्दा पहिलेको फस्ट देखि यसमा सबभन्दा ब ढि शब्दावलि खपियको एउटै कुरा रहेछ कोरोना किनकि यो महामारी रहेको थियो यसमा थप्नै पर्ने थियो यो प्रत्येक शब्दावली मा रहेको थियो कोरोना बिकास शुशान यो सारा कुरा फस्ट देखि सबै कुरामा यो ठिकै पनी थियो आज खुशि पनी लागिरहेको छ मलाई खुशि पनी लाग्यो नेपाली कांग्रेस पनी आज प्रतिपक्ष नभएर आज मौन बसने अवस्थामा यो सरकारको प्रतिपक्षमा होईन अब सरकारको न समर्थनमा न बिपक्षमा भन्ने अवस्थामा पुगेकोले अब छिट्टै सरकारमा नेपाली कांग्रेस आउदै छ भनेर मुख्य मन्त्रीले हामीले पहल गरीरहेका छौ नेपाली कांग्रेस पनी सरकारमा आउदै छ भनेर उहाले अहिले भर्खरै ईन्टरभिउ दिनु भएको छ त्यो नेपाली कांग्रेसका मित्रहरुलाई थाहा होला ।

अब उहाले भनेको हुनाले पनी अब नेपाली कांग्रेस पनी अब १ गते देखि रातो किताब जलाउने छैन यहा र १ गते पछि त्यो रातो किताव पाईसकेपछि जय जयकार गर्ने छ र त्यसको लागि पनी वातावरण बनाउने छ भने म धन्यवाद दिउला तर आज त्यो १ गते सम्म बजेट पार्नको लागि मात्रै गरिएको हो कि हैन भन्ने १ गते कांग्रेस लाई सुदुरपश्चिमले जनताले प्रष्ट सोध्ने छ र त्यसको जवाफ हामी पनी माग्ने छौ नेपाली कांग्रेसको भुमिका सत्ता पक्ष वबा प्रतिपक्ष या कुनै पनी पक्ष नभएर यसो टुलुटुलु हेर्ने पक्ष हो कि भनेर मैले नेपाली कांगेसलाई हेर्ने छौ र त्यो हामी पनी आग्रह गर्ने छौ त्यो मैले अहिले धेरै कुरा राजनीतिक दलको कुरा मैले उठाएन अब यसको सिद्धान्तमा अब यो हेर्दा के देखिन्छ भन्दा खेरी कोरोना भाईरसको सामना गर्दा खेरी देखियको समस्या यति छ र स्थानीय तह र स्वास्थ्य सेवालाई

गुणस्तर गर्न बिचार गर्नु रहेको छ । एकदम राम्रो मैले सामजिक बिकास मन्त्री यहा हुनुहुन्न राज्यमन्त्री हुनुहुन्च उहालाई धन्यवाद दिन चाहान्छु बुदा एकदमै राम्रो लेख्नु भएको छ तर मैले सुनेको छु स्वास्थ्य मन्त्रालयको बजेटमा स्वास्थ्यमा कार्यरत सयौ सयौ कर्मचारीको तपाईहरुको बजेट काटिदै छ मैले आग्रह गरेको छु कानुन मन्त्री र राज्यमन्त्री ज्युलाई पनी फोन गरेर भनेको छु तपाईहरुले हामीले जानकारी पाय अनुसार अहिले मातृ स्वास्थ्य मा काम गरीरहेका परीवार नीयोजनमा काम गरीरहेका पोषणमा काम गरीरहेका योन शिक्षा मा काम गरीरहेका स्वासस्थ्य अधिकृतमा काम गरीरहेका सिमामा काम गरीरहका सयौ सयौ कर्मचारी काट्ने जुन योजना अहिलेको कार्ययोजनामा पनी रहेको थियो । चालु बजेटमा राखेको कुरा पनी आगामी बजेटमा राख्न तपाईहरुले बजेट काट्दै हुनुहुन्छ भन्ने कलुरा जानकारी पायको छु नकाट्नु होला र मैले सुनेको छु घेरबारमा धेरै प्रायोरटि हुदै छ र घेरवार व्यवस्थापनमा हुदै छ भन्ने कुरा पनी सुनेको छु र मेरो आग्रह पनी रहेको तपाईले राम्रो बुदा राख्नु भएको छ र अर्को स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य शंस्थालाई पनी सुदृढ बनाउने छौ भनेर तपाईहरुले भण्नु भएको लेख्नु भएको छ एकदमै धन्यवाद छ तर जुन जटिलता रहेको च कानुनी जटिलता रहेको च अहिले सम्म स्थानीय तहका स्वास्थ्य तहरहरु सम्पुर्ण स्थानीय तहमा हस्तान्तरण भएका जिल्ला स्वास्थ्य ईकाई कार्यालय मात्रै प्रदेशमा मातहतमा रहेका प्राथमिकतामा रहेको तपाईहरुले देख्नु भएको छ यस्तो वेलामा ति स्वास्थ्य सेवाको सुदृढिकरण भणेर तिनीहरुको मर्मत मात्रै नराख्नु होला यतिले मात्रै सुदृढिकरण हुदैन ८८ वटा पालिका भित्रका झणडै ५०० वटा वडा रहेका त्यो अअहिले अवस्था अहिले सिटामोल नभएको अवस्था अहिले तपाईलाई त्यहा मास्क नभएको त्यहाका कर्मचारीहरु मास्क नपाउने अवस्था तपाईको यो कुराले व्यवस्था त गर्च होला मेले त्यसैले १ गते देखि मैले धन्यवाद दिउला मैले ८८ वटा पालिकामा रहेका स्वास्थ्य केन्द्रहरुका ति स्वयम सेविका दिदि बहिनीहरु जल्ले मास्क पायका छैनन् जले सेनीटाईजर पाईका छैनन् जो अहोरात्र खटियका छन प्रसुतिमा अहोरात्र खटेका छन कुपोषणमा बालबालिकाको संरक्षणमा काम गरीरहेका छन बाल मृत्यु दरलाई संरक्षण गर्न त्यो घटाउनकालागि लागेका छन जस्तै अहिले बाल बिबाहलाई महिला हिंशालाई अन्त्य गर्न लागेका छन त्यसको लागि तपाको यो बुदा होला र त्यसको लागि बजेट बनाईसकेपछि यो बुदा लेख्नु भएको होला भन्ने म धन्यवाद दिन चाहुला अहिलेको अवस्थामा जसरी हामीले भन्यौ हामी सँह पैसा नभएको होईन हामी सँग पैसा गत बर्ष नै राख्नु भएको थियो मैले धन्यवाद दिन चाहान्थे तत्कालिन रुपमा तयो बजेट राखेको तर त्यो कत्तिको कार्यान्वयन भयो र अहिले ५४२ जनाको मृत्यु हुदा भर्खर मात्रै अक्सिजनका टेण्डरहरु पलानमा रहेका छन तर पनी तिनीहरुको आउने एउटा शुनीश्चितता छैन ८-८ महिना सम्म एउटा अख्तियारीको कारण एउटा अख्तियारमा मन्त्रालयले किन्ने कि जिल्ला स्वास्थ्य कार्यलयले किन्ने भन्नेर बारेमा अस्तिको दिनमा न्युजमा आयो र भोलिको दिनमा तपाईहरुले कोरोना नीयन्त्रणको त्यो बजेट तपाईले राख्नु भएको छ त्यो अवस्था नआवस कृषि मन्त्रालयले कोरोना प्रभावितको लागि करोडौ बजे गत बर्ष राखियको थियो त्यो बजेट बिनीयोजित गरीयो त्यो बजेट गर्दा खेरी हामीले सम्प्रेषण कसरी गर्यौ शुचना हजारौ हजार मान्छेलाई शुचना गर्यौ तर छनोट कसरी गर्यौ त्यो प्रश्न चिन्ह आज पनी रहेको

छ । त्यसका साथै यहा हामीले भनेका छौ यसका धेरै बुदाहरुमा के भनेको छ भने कोभिडको कारणले बहुपक्षिय असरहरु पुर्वाधार सहितका व्यवस्था नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने भन्नु भएको छ एकदमै नया हाम्रो आर्थिक मामला मन्त्री आउनु भएको छ उहाले पुरानो क्याविनेट मन्त्री भए पनी अर्थमा आउनु भएको छ सवै कुराको अनुभव छ होला । सबै कुरा गर्छु भन्ने जोश जाँगर देखाउनु भएको छ नीजि क्षेत्रमा रहेको असर सुदुरपश्चिममा रहेका लाखौ उद्योगहरु अस्तव्यस्त अवस्थामा रहेका छन जो नविकरण गर्न नसक्ने अवस्थामा छन तिनलाई कोभिडको कारणले आर्थिक बृदिदर एकदम खस्किदो अवस्थामा रहेको छ जो सुदुरपश्चिमलाई को मातहतमा हुने कानुनको मातहतमा रहेका छन उहाहरुलाई आर्थक प्याकेजको घोषणा ग्रनु हुने छ र त्यसै गरी प्रधानमन्त्री रोजगार जस्तै मुख्य मन्त्री कार्यक्रममा अब मसिनहरु डोजरहरु लाग्ने होईन अब काम गरेर खान पाउनको लागि मुख्यमन्त्री कार्यक्रम तथा यसता कार्यक्रमहरु उहाहरुले बनाउनु हुने छ र प्रत्येक कामदारलाई १०० दिन काम गर्न मिल्ने बजेट छुट्याउने हुने छ भन्दा खेरी अब गाउमै काम गर्न पाउने छन र यस्तो बजे ट राख्नको लागि म अनुरोध गर्न चाहन्छु । सिन्तकृत जनसमुदाय वादि समुदाय महिला पछाडि परेको समुदाय को लागि पनी यो बजेटले बिशेस प्याकेजको रुपमा गर्नु हुने छ र यसरी बिशेस प्याकेजका साथ कार्यक्रमको घोषणा गरिएको थियो र यो बर्ष पनी त्यसता काम हुने छन भन्ने म आशा गर्न चाहान्छु र अहिले सम्म बजेटले बिकास बजेट खर्च नभएको पैसालाई पनी बिकास र समृदिको कुरा गर्नु भएको छ अभ लोकतान्त्रिक सरकारलाई सबल बनाउनको लागि अब त कांग्रेसको पनी साथ भैसकेको छ र अब त समृदि कसरी नआउला किनकि साढे तिन बर्ष सम्म समृदि नआउदा अब कांग्रेर पनी समेटिय पछि त समृदि पक्कै पनी आउने छ र त्यो समृदि लोकतान्त्रिक समाजवाद तिर यो बजेट आउने छ भन्ने कुरामा हामी ढुक्क छौ र बजेट आगामी दिनमा पनी हामीले के आशा गरेका छौ भने अहिलेको आर्थिक भार आर्थिक बृदिदर जसरी मुद्रा स्फृतिको कुरा रहेको छ मुद्रा स्फृतिलाई नीयन्त्रण गर्नको लागि प्रदेश सरकारले नीयम बनाउने छ स्थानीय तहसँग कोर्डिनेशन गर्न अब ५-२० लाखका योजना अब प्रदेश सरकारले गर्ने होईन अब शर्तको रुपमा स्थानीय तहलाई हस्तान्तरण गरेर प्रदेश सरकारको कार्यबिधि र बोझलाई कम गर्ने र यो सरकारले कोर्डिनेशन गरेर काम गरोस भन्ने शुभकामना दिन चाहान्छु बाकि कुरा यो सरकारको बजेट आय पछि कांग्रेस सहितको बजेट अब मौन रुपमा कांग्रेसले पनी समर्थन गरेको कुरा त्यो भन्दा पहिले नै जाने हो कि पछि जाने हो त्यो मलाई थाहा भएन मैले मुख्य मन्त्री ज्युले बाहिर ईन्टरभिऊ दिएको कुरा मैले सुनेर मात्रै मैले यो कुरा राखेको हो र यो बजेट बनाउदा खेरी साच्चिकै कोरोना पिडित सुदुरपश्चिमाञ्चलका ३० लाख भन्दा बढि जनसख्या र अहिले सम्म ५५० भन्दा बढिको मृत्यु भएको यसलाई अहिलेको यो भयाभह स्थतित बाट सबक सिकेर आगामी दिनमा रोजगारीको अवसर स्वास्थ्यको कुरा शिक्षाको कुर र सबै कुरालाई समेटेर बजेट आउने छ र सबै कुरा नीति तथा कार्यक्रम आउने छ भन्ने बिश्वासका साथ आफ्ना भनाई टुङ्ग्याउछु । धन्यवाद ।

**माननीय शान्ति नेपाली**

